नेपाल सरकार

गृह मन्त्रालय

जिल्ला प्रशासन कार्यालय,पर्सा

प्रमुख जिल्ला अधिकारी श्री दिनेश सागर भुसालले गरेको फैसला

**मुद्दा-: अभद्र व्यवहार ।**

**मि.नं.-९५ दायर मितिः-२०८१/०५/२१**

**फैसला मितिः-२०८१/०५/२१**

| **वादी** | **प्रतिवादी** |
|---|---|
| **जितेन्द्र राम महराको जाहेरीले नेपाल सरकार.........................१** | **देश भारत विहार राज्य जिल्ला पूर्वी चम्पारण थाना हर्सिधी ग्राम पञ्चायत ओलाहा मेहता वडा नं.९ बस्ने ईसराईल रायको छोरा वर्ष २८ को हिमताज राय........१** |

प्रस्तुत मुद्दा यस कार्यालयको क्षेत्राधिकार भित्र पर्ने भई यस मुद्दाको संक्षिप्त तथ्य एवं ठहर यस प्रकार छः-

**तथ्य-खण्ड**

१. प्रतिवादीले जाहेरवालालाई गाली गलौज गर्दै अभद्र व्यवहार गरेको भन्ने जाहेरी दरखास्त.।

२. प्रतिवादीले जाहेरवालालाई गाली गलौज गर्दै अभद्र व्यवहार गरेको भन्ने समेत व्यहोराको घटनास्थल मुचुल्का ।

३. मैले जाहेरवालालाई गाली गलौज गर्दै अभद्र व्यवहार गरेकोले पक्राउ गरेको हो भन्ने प्रतिवादीको बयान कागज।

४. जाहेरवालालाई गाली गलौज गर्दै अभद्र व्यवहार गरेकोले कानून बमोजिम कारवाही हुनु पर्छ भनि मौकामा बुझिएका ममताज मिया समेतको घटनाविवरण कागज।

५. जिल्ला सरकारी वकिल कार्यालय, पर्साको अभियोग पत्र ।

६. प्रतिवादी यस कार्यालयमा उपस्थित भई गरेको साबिती बयान ।

**ठहर-खण्ड**

यसमा मिति २०८१।०५।०५ गते अं.२०:१५ बजेको समयमा जिल्ला पर्सा बीरगंज महानगरपालिका वडा नं. ४ स्थित नारायणी अस्पताल भित्र मैले पार्किङ्ग गरी राखेको साईकलको ह्याण्डललाई प्रतिवादी हिमताज रायले अनावश्यक रुपमा चलाई रहेको देखि निज प्रतिवादीसँग सो सम्बन्धमा सोधपुछ गर्दा निज प्रतिवादी रिस आवेशमा आई मसँग वादविवाद तथा गाली गलौज गरी अभद्र व्यवहारको गरेको भन्ने जाहेरी दरखास्त तथा घटनास्थल मुचुल्का, सोही व्यहोरालाई पुर्ण समर्थन हुने गरी मौकामा बुझिएका घटनाविवरणको साक्षीहरुले गरी दिएको कागज तथा अधिकार प्राप्त अधिकारी समक्ष यी प्रतिवादीले गरेको बयान तथा प्रतिवादी यस कार्यालयमा उपस्थित भई गरेको साबिती बयान समेतको आधारमा यी प्रतिवादीले मुलुकी अपराध संहिता,२०७४ को दफा ११८(१) बमोजिम कसूर गरेको ठहर्छ। सो ठहर्नाले मुलुकी अपराध संहिता,२०७४ को दफा ११८(२) बमोजिम प्रतिवादी हिमजात रायलाई कैद दिन १६ र जरिवाना रु.२०००/- अक्षेरेपी दुई हजार मात्र ठहर्छ। अरुमा तपसिल बमोजिम गर्नु भनी यो फैसला गरिदिए।

**तपसिल खण्ड**

१. माथि इन्साफ खण्डमा लेखिए बमोजिम मुलुकी अपराध संहिता,२०७४ को दफा ११८(१) बमोजिमको अपराधमा ऐ.संहिताको दफा ११८(२) बमोजीम प्रतिवादी हिमजात रायलाई ठहरेको कैद दिन १६ को हकमा निज मिति २०८१/०५/०५ देखि २०८१/०५/२० सम्म हिरासतमा बसी कैद भुक्ता गरिसकेको र जरिवानाको रकम रु.२०००/- असूल उपर गर्नु , असूल उपर नभएमा मुलुकी फौजदारी कार्यविधी संहिता, २०७४ को दफा १५५(३) बमोजीम ७ दिन भुक्तान गराउन कारागार कार्यालय, पर्सालाई पत्र लेख्नु-----------------------------------------------------------------------------------------------------१

२. प्रस्तुत फैसलामा चित नबुझे ७० दिन भित्र पर्सा जिल्ला अदालत वीरगंजमा पुरावेदन गर्नुभनी प्रतिवादीलाई पुनरावेदनको म्यादिनु-१

३. फैसलाको जानकारी जिल्ला सरकारी वकिल कार्यालय पर्सालाई दिनु-----------------------------------------------------------१

४. प्रस्तुत मुद्दाको दायरी लगत कट्टा गर्नु र सरोकारवालाले फैसलाको नक्कल माँग गरेमा रितपुर्वक नक्कल दिनु----------------------१

दिनेश सागर भुसाल

**प्रमुख जिल्ला अधिकारी**

ईति सम्बत् २०८१ भाद्र महिना २१ गते शुक्रवार रोज ६/ ने.सं. ११४४ जंलाथ्व तृतिया, शुभम् ........